# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# हेटौंडा, मकवानपुर
# ३ नं. प्रदेश, नेपाल
# सूची दर्ता गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकासित मिति : २०७४/०३/२६ गते

सार्वजनीक खरिद ऐन २०६३ को परिच्छेद २ को नियम ९ र नियमावली २०६४ को नियम १८ मा व्यवस्था भए अनुसार आ.ब. २०७४/०७५ का लागि यस कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम संचालनका लागि आवश्यक खरिद विधि अवलम्बन गर्न तपसिल बमोजिमका सामान तथा सेवाहरू आपूर्ति/प्रवाह गर्ने आपूर्तिकर्ता/ फर्म/ कम्पनी/ सप्लायर्स/ उद्योग/ सेवा प्रदायकहरूको मौजुदा सुचि (स्टाण्डीङ्ग लिष्ट) तयार गर्नु पर्ने भएकोले ईच्छुक सम्बन्धीत आपूर्तिकर्ता/ फर्म/ कम्पनी/ सप्लायर्स/ उद्योग/ सेवा प्रदायकहरूले आफ्नो फर्म/कम्पनी/संस्था/उद्योगहरूको दर्ता वा ईजाजत पत्र, **PAN/VAT** दर्ता प्रमाण पत्र, आ.ब. २०७२/०७३ सम्मको करचुक्ता प्रमाण पत्र, नगर क्षेत्र भित्रको भए व्यवसाय दर्ता गरेको प्रमाण पत्र (नविकरण सहित) को प्रतिलिपीहरू र आफुले गर्ने कामको विवरणको निवेदन सहित यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र सुचि दर्ता गर्नु हुन यो सुचना प्रकासित गरिएको छ । म्याद नाघि आएको निवेदन उपर कुनै कारबाही गरिने छैन ।

**तपसिलहरू :**

## क) सामान आपूर्ति तर्फ

१) कार्यालय सामान, स्टेशनरी तथा मसलन्द ।
२)छपाई सम्बन्धी (प्रेस सम्बन्धी कार्य) ।
३)कम्प्युटर,प्रिन्टर,फ्याक्स,फोटोकपी,स्क्यानर,युपिएस,कार्टेज,टोनर लगायत नेटवर्किङ्ग,स्विचिङ्गका ईलेक्ट्रोनिक्स सामान ।
४) सौर्य उर्जा सम्बन्धी सामान ।
५) काठ तथा मेटलका फर्निचर तथा फर्निसिङ्ग ।
६) जेनेरेटर तथा ए.सि. सामान ।
७) विभिन्न ब्राण्डका सवारी साधन तथा यान्त्रीक उपकरणहरूको स्पेयर पार्टस ।
८) कर्मचारीको पोशाक तथा सिलाई सम्बन्धी ।
९) साईन बोर्ड, होर्डिङ्ग बोर्ड, कपडा तथा फ्लेक्स व्यानर निर्माण र लेखन सम्बन्धी कार्य ।
१०) ईलेक्ट्रीक सामानहरू (सडक बत्ति र वाईरिङ्ग सम्बन्धी बिद्युतीय सामान) ।
११) सेनेटरी तथा प्लम्बीङ्गका सामान ।
१२) निर्माण सामाग्रीहरू (ह्युमपाईप, पोलिथिन पाईप, जि आई पाईप) ।
१३) निर्माण सामाग्री (सिमेन्ट,गिटि,बालुवा,ढुङ्गा,ईटा)
१४) पेट्रोलियम पदार्थ/ईन्धन तथा लुब्रिकेन्ट ।
१५) हार्डवेयर तथा सरसफाई सम्बन्धी सामान ।
१६) फुल विरूवा तथा नर्सरीका सामानहरू ।
१७) अन्य विविध सामान आपूर्ति ।

## ख) सेवा आपूर्ति तर्फ

१) कुरीयर सेवा सम्बन्धी कार्य ।
२) विमा सेवा सम्बन्धी कार्यहरू ।
३) ट्राभल एजेन्सी सम्बन्धी कार्यहरू ।
४) बिज्ञापन/सूचना सम्बन्धी कार्यहरू ।
५) परामर्श सेवा प्रदायक (ईन्जिनियरिङ्ग डिजाईन, घरनक्सा डिजाईन तथा सुपरभिजन र अन्य परामर्श सेवा प्रदायक)
६) निर्माण सेवा (कम्पनी)/सार्वजनीक निर्माण सम्बन्धी कार्य) ।
७) इन्टरनेट तथा वेभसाइड/सफ्टवेयर डिजाईन निर्माण तथा मर्मत सेवा ।
८) गैर सरकारी संस्थाहरू (सेवा खरिद एवम् काम गराउने सम्बन्धी ) ।
९) विभिन्न सवारी साधन मर्मत सेवा ।
१०) इलेक्ट्रोनिक सामान मर्मत सेवा ।
११) फर्निचर मर्मत सेवा ।
१२) अध्ययन अनुसन्धान सम्बन्धी परामर्श सेवा ।
१३) श्रव्य दृश्य सामाग्र निर्माण ।
१४) अन्य विविध मर्मत सेवा ।

**नोट : सुचिकृतका लागि निवेदन यस कार्यालयको जिन्सी उप-शाखामा र कार्यालयको वेभ साईड WWW.hetaudamun.gov.np मा गई डाउनलोड गर्न सकिने छ । अन्य जानकारीको लागि फोन नं. ०५७-५२४५२७ मा सम्पर्क राख्नु होला ।**